PAN: 304956159
Regd No: 1277/67-68

EMPOWERING PEOPLE FOR HYDRO-ELECTRICITY GENERATION

# Arun Kabeli Power Limited

Website: www.arunkabeli.com.np E-mail: arunkabeli@gmail.com

Ref. No. 056/081/082

मितिः २०८१।०६।१०

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड,
सिहदवार प्लाजा , काठमाडौं ।

**विषयः वार्षिक साधारण सभा सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्वन्धमा यस कम्पनीको सञ्चालक समितिको मिति २०८१ असोज १० गते विहिवार दिउँसो ३:१५ देखि बसेको बैठक (बैठक न. १४-.०८) को निर्णय बमोजिम मिति २०८१ कार्तिक ०४ गते आईतवार साधारण सभा बस्ने निर्णय भएको व्यहोरा तहाँको जानकारीका लागि अनुरोध गर्दछौं ।
साथै उक्त साधारण सभामा तहाँको कार्यालयबाट प्रतिनिधि उपस्थितिका लागि समेत निर्णय अनुसार अनुरोध गर्दछु ।

भवदिय,

....................
थानेश्वर भट्टराई
कम्पनी सचिव

**बोधार्थ,**

१. विद्युत नियम आयोग,
सानो गौचरण, काठमाण्डौं, नेपाल ।

२. श्री नेपाल धितोपत्र वोर्ड
खुमलटार, ललितपुर ।

३. सिडियस एण्ड क्लियरिङ लिमिटेड
काठमाडौं ।

४. श्री कम्पनी रजिष्टारको कार्यालय,
त्रिपुरश्वर, काठमाडौं ।

2nd floor Trade Tower Nepal, Thapathali, Kathmandu Nepal, Phone No.: 01-5914176

Scanned with CamScanner

अरुण काबेली पावर लिमिटेडको
चौधौं वार्षिक साधारण सभा सम्बन्धि सूचना

यस कम्पनीको मिति २०८१।०६।१० गते विहिवार दिउँसो ३:१५ बजे देखि बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार कम्पनीको चौधौं वार्षिक साधारण सभामा देहायका विषयहरूमा छलफल तथा निर्णय गर्नको लागि मिति २०८१।०७।०४ गते आईतवार बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरूलाई उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वार्षिक साधारण सभा हुने मिति, समय र स्थान**

मिति : २०८१।०७।०४ गते आईतवार, (October 20, 2024, Sunday)

स्थान : होटल क्रिष्टल पशुपती, (Hotel Crystal Pashupati) गौशाला, काठमाण्डौं

समय : बिहान ११ बजे देखि

**छलफल तथा निर्णयका लागि निर्धारित विषय सूची**

**(क) सामान्य प्रस्ताव :**

१. आर्थिक वर्ष २०८०/८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. लेखा परिक्षकको प्रतिवेदन सहितको आ.व.२०८०/८१ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरू छलफल गरी पारित गर्ने ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व.२०८१/०८२ का लागि लेखापरिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

**(ख) विशेष प्रस्ताव :**

१. अरुण काबेली पावर लिमिटेडले १: १ को अनुपातमा हकप्रद शेयर निष्काशन गरी संकलन गरेको रकम मध्येबाट काबेली इर्नजी लिमिटेड कम्पनीले निर्माण गरिरहेको कावेली-ए जलविद्युत आयोजनाको शेयरमा लगानी गर्ने सम्वन्धमा ।

२.काबेली इनर्जी लिमिटेडले निर्माण गरिरहेको काबेली-ए जलविद्युत आयोजना (३७.६० मेगावाट) मा कर्जा लगानी गर्ने श्री कुमारी बैंक लिमिटेडलाई यस कम्पनीवाट प्रदान गरिएको संस्थागत जमानत (Corporate Guarantee) अनुमोदन गर्ने सम्वन्धमा ।

३. कम्पनीका नाममा रहेका पुराना गाडी/मोटरसाईकल/स्क्र्यापहरु बिक्री गर्ने सम्वन्धमा ।

**(ग) विविध**

साधारण सभा सम्वन्धी सामान्य जानकारीहरु

१) शेयरधनीहरुको दस्तखतको लागि शेयरधनी उपस्थिति पुस्तिका विहान १०:०० बजेबाट खुल्ला गरिनेछ ।

२) साधारण सभामा उपस्थित हुने शेयरधनीहरूले आफ्नो परिचय स्पष्ट खुल्ने किसिमको फोटो सहितको कुनै प्रमाण पत्र तथा हितग्राही खातामा रहेको यस कम्पनीको विवरण वा शेयर प्रमाण पत्र लिई सभामा भाग लिन हुन अनुरोध छ ।

३) चौधौं वार्षिक साधारण सभाको प्रयोजनका लागी २०८१ असोज १८ शुक्रवार एक दिनका लागि शेयरको दर्ता किताव बन्द रहनेछ । २०८१ असोज १८ गतेको अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोवार भई तीन कार्यदिन अर्थात् २०८१ असोज २२ गते भित्र दाखेल खारेजका लागी प्राप्त शेयरहरुबाट कायम रहेका शेयरधनीहरु मात्र यस सभामा भाग लिन योग्य हुनेछन् ।

४) साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा वा वार्षिक प्रतिवेदन पुस्तिका अनुसारको प्रतिनिधिपत्र (प्रोक्सी) नियुक्त गर्नु पर्नेछ ।

५) एक भन्दा बढी व्यक्तिहरूको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा लगत कितावमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भागलिन सक्नु हुनेछ । कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भागलिन सक्नु हुनेछ ।

६) कुनै शेयरधनी महानुभावहरुले छलफलका विषयहरू मध्ये विविध शिर्षक अन्तर्गत कम्पनी सम्बन्धि कुनै विषयमा छलफल गर्न/गराउन चाहेमा सभा हुनु भन्दा ७ कार्यदिन अगावै कम्पनी सचिव मार्फत् सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनुपर्नेछ । तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा वहसको रुपमा समावेश गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहित हुनेछ ।

७) चौधौं वार्षिक साधारण सभा सम्वन्धि थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनी रजिष्टर्ड कार्यालय, दोस्रो तल्ला, ट्रेड टावर नेपाल, थापाथली, काठमाण्डौमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ । थप जानकारीको लागि कम्पनीको वेब साइट www.arunkabeli.com.np वाट प्राप्त गर्न सक्नु हुनेछ ।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

नोट:- कम्पनीको वार्षिक साधारण सभाको प्रयोजनका लागी सूचना। मोति मिति २०८१।०६।११ गते को आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित हुनेछ।

Scanned with CamScanner
CamScanner